१६ औं वार्षिकोत्सव

# प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : ३२३ ॥ २०८१ माघ ०३ गते बिहिबार (16th Jan 2025 Thursday) Pratidin National Daily मूल्य-रु.५/-

# झापामा सहकारी ठगीसम्बन्धी ४० जनामाथि उजुरी




झापा(प्रस) ।झापामा सहकारी ठगीसम्बन्धी ४० जनामाथि उजुरी परेको छ ।
करिव ३ करोड रकम ठगी गरेको आरोपमा तीनवटा सहकारी संस्थाका ४० जनामाथि उजुरी परेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।
उजुरी परेकामध्ये ६ जना पक्राउ परेका छन् । बचतकर्ताहरुको २ करोड ४ लाख ४८ हजार ७२४ रुपैयाँ हिनामिना गरेको आरोपमा जयपुर बहुउद्देश्यीय सहकारी संस्था बुद्धशान्तिका १७ जनामाथि उजुरी परेको थियो ।

त्यसमध्ये ३ जना पक्राउ परेका छन् । त्यस्तै निक्षेपकर्ताहरुको ६० लाख २ हजार ८०२ रुपैयाँ हिनामिना गर्ने शुभसाइत सहकारी संस्था भद्रपुरका ७ जना संचालकमाथि उजुरी परेको थियो ।

तीमध्ये ३ जना पक्राउ परेका छन् । त्यस्तै उन्नति बचत तथा ऋण सहकारी संस्था शिवसताक्षीका १६ जना संचालकमाथि उजुरी परेको छ । ३५ लाख ८ हजार ५५१ रुपैयाँ अपचलन गरेको आरोपमा उनीहरुमाथि उजुरी परेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । झापाका अन्य सहकारीमा पनि ठगी भएको पाइएपनि उजुरी पर्न सकेको छैन । उजुरी नपर्दा प्रहरीले कार्वाही गर्न नसकेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता डीएसपी कृष्णकुमार चन्दले बताए । ' परेका उजुरीमाथि कार्वाही गरेका छौं ' उनले भने,' उजुरी पर्नेबित्तिकै कार्वाही शुरु गर्छौं ।'
सहकारीहरुले निक्षेप फिर्ता नदिएको भनेर इलाका प्रहरी कार्यालय दमकमा गुनासो लिएर निक्षेपकर्ताहरु आउने गरेको डीएसपी निशान थापाले बताए । उनले ती गुनासोका सम्बन्धमा सम्बन्धित सहकारी संस्थालाई निक्षेप फिर्ता गर्न भन्ने गरिएको जानकारी दिए ।

लेनदेन नमिलाएको भन्दै बिर्तामोडको एउटा सहकारीमाथि पनि उजुरी परी सो मुद्धा जिल्ला प्रहरी कार्यालयमा पठाएको जनाइएको छ । केही दिनअघि एक अन्तर्वार्तामा तत्कालीन प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाले निक्षेप फिर्ता नगर्ने सहकारीमाथि निक्षेपकर्ताले उजुरी गरे तत्काल पक्राउ गरी थुन्ने बताएका थिए ।

# चुलिँदै स्वरोजगार साकोसको विवाद

थाकी उपाध्यक्षसमेत रहेकी प्रदेश सांसद कमला थापा मगरले सञ्चालक समितिले किर्ते तमसुक बनाएर रकम असुली गर्ने गरेको बताएकी छन् ।
'म भर्खरै सांसद भएको थिएँ, सांसद पद पनि जान सक्ला, मेरो छोराले रकम अपचलन गरेकै होला भनेर बिर्तामोड-६ को साढे १८ धुर जमिन ३७ लाख रुपैंयाँ मूल्य राखेर पास गरिदिएँ' मगरले भनिन् 'बाँकी रकम मैले मासिक किस्ता गरेर तिर्न थालेको थिएँ, १२ लाख रुपैयाँ किस्ता रकम जम्मा गरेपछि अरुलाई समेत किर्ते तमसुक गराएर रकम असुल गरेको थाहा पाएपछि किस्ता तिर्न छोडेको हो ।' आफ्नो छोराले अपचलन गरेको पुष्टि नभए फिर्ता गरिदिने शर्तमा जमिन पास गराएको उनले बताईन् । हाल सो जमिन धितोमा राखेर सहकारीकै पदाधिकारीले ऋण लिएको उनको भनाई छ ।

# धरमपुर बस दुर्घटनामा एक दर्जन यात्रु घाइते



झापा(प्रस) । काँकडभिट्टाबाट धरानतर्फ जाँदै गरेको यात्रुबाहक बस धरमपुरमा दुर्घटना हुँदा करिव एक दर्जन यात्रु घाइते भएका छन् ।
बुधवार बिहान ६:२० बजे शिवसताक्षी -१ धरमपुरस्थित पूर्वपश्चिम राजमार्गमा मे १ ख २५४५ नम्बरको नागरिक यातायातको बस अनियन्त्रित भई दुर्घटना भएको हो ।
बस सडकबाट तल खस्दा उक्त बसमा सवार ११ जना यात्रुहरु घाइते भएका छन् ।
घाइतेहरुलाई उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएको छ ।
घाइतेहरु निम्न रहेका छन् ।
१) मोरङ बिराटनगर - ३ बस्ने बर्ष ५४ का गुणा कोइराला(टाउको र दुवै हातमा चोट,अवस्था बोल्न सक्ने सामान्य )
२) ऐ.ऐ. बस्ने बर्ष ३४ की दिपा निरौला (सामान्य)
३) ऐ.ऐ. बस्ने बर्ष १७ की म्यारी निरौला( सामान्य)
४) ऐ.ऐ बस्ने बर्ष ३८ की निर्मला निरौला (सामान्य )
५) ऐ.ऐ.४ बस्ने बर्ष ५९ की शर्मिला कोइराला ( ढाडमा चोट, अवस्था बोल्न सक्ने सामान्य )
६) झापा शिवसताक्षी -८ झिलझिले बस्ने बर्ष ३२ का टंक शिवाकोटी (सामान्य)
७) ऐ.ऐ.बस्ने बर्ष ३० की आन्सा फियादेन (सामान्य)
८) ऐ.ऐ बस्ने बर्ष २१ की सुमना लिम्बू (सामान्य)
९) बिर्तामोड -६ बस्ने बर्ष ५१ का पुष्पलाल अधिकारी (टाउको र दाहिने पाखुरामा चोट अवस्था बोल्न सक्ने सामान्य )
१०) ऐ.ऐ. बस्ने बर्ष ४९ की चन्द्रकला अधिकारी (टाउकोमा र कम्मरमा चोट , अवस्था बोल्न सक्ने सामान्य )
११) कमल -६ बस्ने बर्ष ४० का शान्तिराम खतिवडा (दुवै हातमा चोट,सामान्य)।

दुर्घटनापछि बस चालक मेचीनगर -१० धुलाबारी बस्ने बर्ष ५४ का टिका मेचेलाई इलाका प्रहरी कार्यालय झिलझिलेले नियन्त्रणमा लिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका सूचना अधिकारी प्रहरी वरिष्ठ नायव निरीक्षक अर्जुन सोडारीले जानकारी दिएका छन् ।

मोटरसाइकल दुर्घटनामा दुईजनाको मृत्यु
मोरङ र सुनसरीमा भएका मोटरसाइकल दुर्घटनामा दुई जनाको मृत्यु भएको छ ।
बुधवार बिहानको राति १२:४५ बजे मोरङ बूढीगंगा २ सक्मास्थित भित्री सडकखण्डमा टंकिचोकबाट सक्मातर्फ जाँदै गरेको प्रदेश १-०२-०४५ प ९३५७ न. को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकल चालक तत्काल नाम ,थर र वतन नखुलेको अन्दाजी २५/३० वर्षका पुरुष गम्भीर घाइते भएका थिए ।
उनलाई उपचारको लागि बिराट टिचिङ अस्पताल गंगाचोक पठाएकोमा डाक्टरले चेकजाँच गर्दा मृत्यु भइसकेको थियो ।
त्यस्तै सुनसरीको इटहरीमा बिजुलीको पोलमा ठोक्किएर मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु भएको छ । मंगलवार साँझ ७:४० बजे इटहरी उपमहानगरपालिका वडा नं.२० हिमशिखर बोर्डिङ स्कुलनजिकै भित्री सडकखण्डमा तरहरा बजारतर्फ आउँदै गरेको को ३८ प २००९ नं. को मोटरसाइकल आफै अनियन्त्रित भई सडकको दाहिनेतर्फको बिजुलीको पोलमा ठोक्किएर दुर्घटना भएको थियो ।
दुर्घटनामा घाइते मोटरसाइकल चालक ३१

❖ बाँकी अन्तिम पृष्ठमा




# हचुमासामा अनियमितता भएको भन्दै अख्तियारमा उजुरी




झापा(प्रस) । झापाको अर्जुनधारा नगरपालिका वडा नं १ स्थित हचुमासा सामुदायिक वन उपभोक्ता समूहमा आर्थिक अनियमितता भएको भन्दै अख्तियारमा उजुरी परेको छ ।
एकजना उपभोक्ताले अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरीमा उजुरी दिएका हुन् । उपभोक्ता समूहमा संकलित काठको लगतको परिमाणको बजारमूल्य अनुसार लेखापरीक्षणमा रकम नभएको, विना बिलविजक काठ संस्थाका पदाधिकारी एवं सदस्यहरुकहाँ पैठारी भएको कुरा आम उपभोक्ताले थाहा पाएको तथा संस्थाका पदाधिकारीबाट समेत स्वीकार गरी उपभोक्ताद्वारा हाल तालाबन्दी गरिएको अवस्थामा घटनाको सुक्ष्म छानविन गर्नुको साटो स्थानीय राजनीतिक दलको हवाला दिई मिलाउनलाई अनेक प्रपञ्च भएको पाइएकोले तत्काल संस्थाका आर्थिक कागजात तथा निर्णय पुस्तिका नियन्त्रणमा लिई छानबिन र कारबाहीको लागि अख्तियारमा उजुरी परेको हो । उजुरीको दर्ता नम्बर सी ०३८०८० रहेको छ ।आर्थिक अनियमितता गरेको भन्दै स्थानीय सरकारका जनप्रतिनिधिसमेतले गत पुष ६ गते वन उपभोक्ता समूहको

❖ बाँकी अन्तिम पृष्ठमा

## हार्दिक बधाई तथा zesfdgf




यस कंचन निर्माण सेवाका प्रोप्राइटर तथा युवा समाजसेवी श्री केदार गिरी झापा गोल्डकपको अध्यक्षमा सर्वसम्मत निर्वाचित हुनुभएकोमा गौरवान्वित हुँदै उहाँलगायत वरिष्ठ उपाध्यक्ष श्री गजेन्द्रबहादुर पौडेल, उपाध्यक्ष श्री युवराज कार्की (पर्वत), सचिव श्री बुद्ध तामाङ ,सहसचिव श्री विष्णु सिग्देल, कोषाध्यक्ष श्री चन्द्रमणि कट्टेल तथा सदस्यहरु श्री श्याम श्रीवास्तव, श्री किरण थापा, श्री भुपेन्द्र भण्डारी, श्री सुशील थापा, श्री विसन लिम्बु,श्री दिपेन चौधरी, श्री शैलेन्द्र कुरुङबाङ र श्री एजाज अहमद अन्सारीलाई बधाईसहित सफल कार्यकालको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

### कंचन निर्माण सेवा परिवार
बिर्तामोड , झापा

## प्राणघातक स्तन क्यान्सरबाट बचौं
### स्तन क्यान्सरका लक्षणहरू

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ आउनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो हुनु,
- स्तनको मुन्टा भित्रतर्फ जानु,
- स्तनको मुन्टाबाट रगत वा पीप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,
- यस्ता कुनै पनि लक्षण देखिए तुरून्तै चिकित्सकसंग परामर्श गरौं




### झापा गाउँपालिकाको कार्यालय
टाँघनडुब्बा, झापा

# बिर्तामोड नगर अस्पतालमा इमर्जेन्सी सेवा

बिर्तामोड(प्रस) । बिर्तामोड नगर अस्पतालमा बुधवारदेखि इमर्जेन्सी सेवा सुरु भएको छ। २४ घण्टे प्रसूति (नर्मल डेलीभरी) सेवा सञ्चालन हुँदै आएको यस अस्पतालमा बुधवारदेखि इमर्जेन्सी सेवा पनि सुरु भएको हो ।

बिहान ७ बजे देखि साँझ ७ बजेसम्म सेवा सञ्चालन हुने अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सुनिल अधिकारीले जानकारी दिए । उनका अनुसार

बिहान ७ बजेदेखि दिउँसो २ बजेसम्म ओपिडि सेवा सञ्चालन हुने र त्यसपछि साँझ ७ बजेसम्म इमर्जेन्सी सेवा लिन सकिने छ। अस्पतालमा इमर्जेन्सी सेवा लिँदा स्वास्थ्य बीमा बाहेकका सेवाग्राहीले एक सय रुपैयाँको टिकट काट्नु पर्ने व्यवस्था छ ।

नगर अस्पतालमा स्त्री तथा प्रसूतिरोग विशेषज्ञ, नवजात शिशु तथा बालरोग विशेषज्ञ, मनोरोग विशेषज्ञ, हाडजोर्नी तथा नसा रोग विशेषज्ञ र फिजिसियन डाक्टरहरुको ओपिडी सेवा दैनिक उपलव्ध छ । यसैगरी २४ सै घण्टा नर्मल डेलीभरी सेवा, स्वास्थ्य विमा सेवा, भिडियो एक्स-रे, एक्स-रे लगायत सर्जरी र आधुनिक ल्याबको समेतको व्यवस्था छ ।

२४ सै घण्टा इमर्जेन्सी सेवा सञ्चालन गर्ने तयारी भएपनि सुरुवातमा साँझ ७ बजेसम्म मात्रै सञ्चालन गरिएको बिर्तामोड नगरपालिकाले जनाएको छ । हाल १५ शैय्याको नगर अस्पताललाई स्तरोन्नतिको लागि भवन निर्माणको काम धमाधम भइरहेको छ । १५ करोड ३४ हजार ३ सय ३६ रुपैँयामा भवन निर्माणको काम भइरहेको हो । भवन निर्माण सम्पन्न भएपछि नगर अस्पताल २५ शैय्याको हुनेछ ।

## हचुमासामा...

कार्यालयमा तालाबन्दी गरेका थिए ।

यसैबीच कन्काई सव-डिभिजन वन कार्यालय सुरुङ्गाले हचुमासा सामुदायिक वन उपभोक्ता समूहमा भएको सत्य तथ्य खुलाएर पठाइदिन अर्जुनधारा नगरपालिकाको १ नं वडा कार्यालयलाई पत्र पठाएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय इटहरीको पत्रबाट व्यहोरा अवगत गरी उक्त उजुरीको सम्बन्धमा के कसो भएको हो ? हचुमासा सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा फर्जी विल तथा आर्थिक अनियमितता चरम रुपमा रहेको, कार्यालय सचिवसहितले विलविना काठ लगेको, बिल गरिसकेको बिलहरुको अर्धकट्टी नै नरहेको अवस्थासमेत सम्पूर्ण राजनीतिक दलहरुलाई जानकारी भैसकेकोले भित्रभित्रै मिलाउने प्रयास गरिरहेको भन्ने उजुरीको सम्बन्धमा के-कसो भएको हो विस्तृत रुपमा छानविन गरी छानविन प्रतिवेदन पेश गर्न आग्रह गरिएको छ ।

## धरमपुर...

वर्षीय बिजय राईलाई उपचारको लागि बीपी कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान पठाइएकोमा राति ८:१० बजे डाक्टरले मृत घोषणा थिए ।
मोटरसाइकलमा पछाडि बस्ने इटहरी २० बस्ने १९ वर्षीय अनिश बस्नेतलाई सामान्य चोट लागेको प्रहरीले जनाएको छ ।

**उच्च अदालत पाटनका न्यायाधीशसहित दुई घाइते**

सुनसरीको बराहक्षेत्रमा न्यायाधीश सवार कार दुर्घटनामा परेको छ। दुर्घटनामा परेर उच्च अदालत पाटनका न्यायाधीशसहित दुई जना घाइते भएका छन्।

कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका अनुसार मदन भण्डारी राजमार्गअन्तर्गत बराहक्षेत्र नगरपालिका-३ नडाह जंगलमा मंगलवार साँझ ५:१० बजेतिर सरकारी कार दुर्घटनामा परेको हो। काठमाडौंबाट विराटनगरतर्फ आउँदै गरेको बी एबी ७१४६ नम्बरको कार दुर्घटना हुँदा विराटनगर महानगरपालिका-४ घर भएका न्यायाधीश ५४ वर्षीय नारायणप्रसाद रेग्मी र इलामको देउमाई नगरपालिका-४ का ६१ वर्षीय कृष्ण खनाल घाइते भएको प्रहरीले जनाएको छ।

पारिवारिक स्रोतका अनुसार खनाल न्यायाधीश रेग्मीका भिनाजु हुन्। दुर्घटनामा परेर घाइते भएका दुवै जनाको विराटनगरस्थित नोबेल शिक्षण अस्पतालमा उपचार भइरहेको छ। रेग्मीको अवस्था मध्यम र खनालको गम्भीर रहेको जानकारी अस्पतालले दिएको छ। कारमा न्यायाधीश रेग्मी, उनका भिनाजु, छोरा र छोरी तथा चालकसहित ५ जना सवार रहेको प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ। कारमा सवार न्यायाधीश रेग्मीका छोरा २७ वर्षीय निश्चल रेग्मी र छोरी २० वर्षीया भूमिका रेग्मी एवं चालक भक्तपुर नगरपालिका-५ घर भएका ५४ वर्षीय कृष्णमान खोटेजा सकुशल छन्। चालक खोटेजालाई प्रहरीले नियन्त्रणमा लिएर घटनाको अनुसन्धान सुरु गरेको छ।

**मोटरसाइकल दुर्घटनामा चालकको मृत्यु**

मोरङको मिक्लाजुङमा मोटरसाइकल दुर्घटना हुँदा चालकको मृत्यु भएको छ ।

सोमवार राति ९.३० बजे मिक्लाजुङ- ३ अधिकारी चोकस्थित भित्री सडकमा रमितेबाट धोबेनी बजारतर्फ आउँदै गरेको प्र.१-०४-००१प ३६१२ नम्बरको मोटरसाइकल अनियन्त्रित भई उछिट्टिएर बाटोको नालीमा दुर्घटना भएको थियो । दुर्घटनामा मोटरसाइकल चालक सोही ठाउँ बस्ने ३४ वर्षीय प्रदिप राई गंभीर घाइते भएका थिए ।

प्रहरी टोलीले उद्धार गरी राईलाई उपचारको लागि अरनिको अस्पताल उर्लाबारी पठाएकोमा उपचारका क्रममा राति १०.३० बजे मृत्यु भएको प्रहरीले जनाएको छ । शवलाई पोस्टमार्टमको लागि मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर मंगलबारे पठाइएको छ ।

# झापा गोल्डकपमा केदार गिरीको नयाँ टीम



बिर्तामोड(प्रस) । झापा गोल्डकपमा केदार गिरीको अध्यक्षतामा सर्वसम्मत नयाँ कार्यसमिति चयन भएको छ । बुधवार बिहान अध्यक्ष गिरीसंगै अन्य पदहरुमा पनि सर्वसम्मत चयन भएको हो । झापा गोल्डकपको अध्यक्षका लागि वर्तमान वरिष्ठ उपाध्यक्ष बलराम कार्की र कोषाध्यक्ष गिरीले उम्मेदवारी दिएका थिए । कार्कीले उम्मेद्वारी फिर्ता लिएपछि गिरी सर्वसम्मत भएका हुन् । त्यस्तै कोषाध्यक्षमा युवराज निरौलाले उम्मेदवारी फिर्ता लिएपछि चन्द्रमणि कट्टेल सर्वसम्मत भएका छन् ।

त्यस्तै, सहसचिवमा यादव पोखरेलले उम्मेदवारी फिर्ता लिएपछि विष्णु सिग्देल सर्वसम्मत भएका छन् । त्यस्तै, सदस्यहरुमा श्याम श्रीवास्तव, किरण थापा, भूपेन्द्र भण्डारी, सुशील थापा, विसन लिम्बू, दिपेन चौधरी, शैलेन्द्र कुरुङबाङ र एजाज अहमद अन्सारी सर्वसम्मत भएका छन् । यसअघि वरिष्ठ उपाध्यक्ष र उपाध्यक्षमा दुईजना निर्विरोध भएका थिए । वरिष्ठ उपाध्यक्षमा गजेन्द्रबहादुर पौडेल र उपाध्यक्षमा युवराज कार्की (पर्वत) निर्विरोध भएका थिए ।

त्यस्तै, मंगलवार सचिवका उम्मेदवार प्रकाश शिवाकोटीले नाम फिर्ता लिएपछि अर्का उम्मेदवार बुद्ध तामाङ पनि निर्विरोध निर्वाचित भएका थिए ।






## हिमालयन लाइफ इन्स्योरेन्स लि.

प्रधान कार्यालय, काठमाण्डौ, नेपाल

फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

### हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | GLI0230010991 | धनमाया गौतम | मेचीनगर-७,झापा |
| २. | GLI0230012741 | संजय मास्के | मेचीनगर-६,झापा |




"समुदायमा आधारित पारदर्शी, सवल, सक्षम, बित्तिय तथा व्यवसायिक सहकारी"

र.न. ३/१/७( ७८)०५३/५४ | श्री | पान नं. ३०२०६०६४३

## सतासी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

## Satashi Multipurpose Cooperative Society Ltd.

Grow With Us


प्रधान कार्यलय :- बिर्तामोड-५, झापा

सम्पर्क नं. : ०२३- ५४५२८७ | ई-मेल : satashi87@gmail.com | वेवसाइट : satashi.coop.np

### कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मिति २०८१ माघ ०३ गते**

यस संस्थाका तपशिलमा उल्लेखित ऋणी सदस्यहरुले यस संस्थाबाट लिएको ऋण सुविधा संस्थासँग ऋण लिँदाको बखत गरेको शर्त अनुसारको तोकिएको समयमा तिर्नु/बुझाउनु पर्ने सावाँ तथा ब्याज नतिरी/नबुझाई ऋण सम्बन्धी सर्त उल्लंघन गर्नु भएको तथा पटक पटक लिखित तथा मौखिक तरतागेता गर्दा समेत ऋण भुक्तान नगर्नु भएको हुनाले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ दिनभित्रमा यस संस्थामा तिर्नु बुझाउनु पर्ने सम्पूर्ण सावाँ कर्जा तथा त्यसमा पाकेको ब्याज हर्जना वा अन्य दैदस्तुर चुक्ता गर्नुहुनको लागि वा भुक्तान भइसकेको भए सोको प्रमाण पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । यो सूचनामा उल्लेख भएको अवधिभित्रमा चुक्ता गर्नुपर्ने सावाँ, ब्याज, हर्जना तथा अन्य दैदस्तुर भुक्तान नभएमा वा भुक्तान भएको भए सोको प्रमाण पेश नगरेमा यस संस्थाबाट ऋण लिँदाको बखत संस्थाको नाममा लेखाइदिएको धितो सम्पत्ति लिलाम बिक्री गरी वा धितोले अपुग भएका ऋणीको नाममा रहेको तथा यस ऋण लिँदा उक्त ऋणको लागि जमानत दिने व्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा हक लाग्ने चल अचल सम्पत्तिबाट सहकारी ऐन २०७४ को दफा ७९, ८३ र ८४ तथा सहकारी नियमावली २०७५ को नियम ३० र ३२ बमोजिम वा अन्य प्रचलित कानुन बमोजिम चल अचल सम्पत्ति लिलाम बिक्री गरि असुल उपर गरिने व्यहोरा सम्बन्धित ऋणी वा व्यक्तिगत जमानतकर्ताका नाममा यो ३५ दिने सार्वजनिक सूचना प्रथम पटक प्रकाशित गरिएको छ ।

| क्र.स | ऋणीको विवरण | ऋणीको फोटो | मुल जमानीकर्ताको विवरण |
|---|---|---|---|
| १ | ऋणीको नाम : **ऋषिराज रिजाल**<br>बाबुको नाम : दाताराम रिजाल<br>बाजेको नाम : हेमलाल रिजाल<br>स्थाई ठेगाना : झापा जिल्ला गोलधाप गा.वि.स वडा नं ०१<br>हालको ठेगाना : बिर्तामोड-०५<br>ना.प्र.नं : ७६१५२४४७<br>जारी जिल्ला : झापा |  | नाम : **तारा मिश्र**<br>पति : ऋषिराज रिजाल<br>बाबु : अनन्तराम मिश्र<br>स्थाई ठेगाना : झापा जिल्ला फुलवारी गा.वि.स वडा नं ०५<br>हालको ठेगाना : बिर्तामोड-०५<br>ना.प्र.नं : ९७७३५९५६<br>जारी जिल्ला : झापा |
| २ | ऋणीको नाम : **पदम बहादुर तामाङ**<br>बाबुको नाम : वीर बहादुर तामाङ<br>बाजेको नाम : धन बहादुर तामाङ<br>स्थाई ठेगाना : तेह्रथुम जिल्ला सम्ले गा.वि.स वडा नं ०९<br>हालको ठेगाना : बिर्तामोड-०५<br>ना.प्र.नं : ६९९-१०५५-२<br>जारी जिल्ला : तेह्रथुम |  | नाम : **गंगामाया तामाङ**<br>पति : पदम बहादुर तामाङ<br>बाबुको नाम : दल बहादुर तामाङ<br>स्थाई ठेगाना : पाँचथर जिल्ला अमरपुर गा.वि.स वडा नं ०२<br>हालको ठेगाना : बिर्तामोड-०५<br>ना.प्र.नं : ४४०३<br>जारी जिल्ला : पाँचथर |
| ३ | ऋणीको नाम : **ग्यावक मेलुङ तामाङ**<br>बाबुको नाम : पदम बहादुर तामाङ<br>बाजेको नाम : वीर बहादुर तामाङ<br>स्थाई ठेगाना : झापा जिल्ला बिर्तामोड न.पा. वडा नं ०६<br>हालको ठेगाना : बिर्तामोड-०५<br>ना.प्र.नं : ०४०१७२-००९२८<br>जारी जिल्ला : झापा |  | नाम : **गंगा माया तामाङ**<br>पति : पदम बहादुर तामाङ<br>बाबुको नाम : दल बहादुर तामाङ<br>स्थाई ठेगाना : पाँचथर जिल्ला अमरपुर गा.वि.स वडा नं ०२<br>हालको ठेगाना : बिर्तामोड-०५<br>ना.प्र.नं : ४४०३<br>जारी जिल्ला : पाँचथर |
| ४ | ऋणीको नाम : **उत्तम कुमार श्रेष्ठ**<br>बाबुको नाम : दल बहादुर श्रेष्ठ<br>बाजेको नाम : शिवशंकर श्रेष्ठ<br>स्थाई ठेगाना : झापा जिल्ला अर्जुनधारा न.पा. वडा नं ०६<br>हालको ठेगाना : बिर्तामोड-०५<br>ना.प्र.नं : ८२३१७७२३<br>जारी जिल्ला : झापा |  | नाम : **तारा देवी श्रेष्ठ**<br>पति : उत्तम कुमार श्रेष्ठ<br>बाबुको नाम : कृष्ण प्रसाद श्रेष्ठ<br>स्थाई ठेगाना : झापा जिल्ला शनिश्चरे गा.वि.स वडा नं ०६<br>हालको ठेगाना : बिर्तामोड-०५<br>ना.प्र.नं : ८२३१५७७८<br>जारी जिल्ला : झापा |
| ५ | ऋणीको नाम : **निर्मला देवी राई**<br>बाबुको नाम : दिल प्रसाद राई<br>बाजेको नाम : विर बहादुर राई<br>स्थाई ठेगाना : संखुवासभा जिल्ला माङतेवा गा.बि.स वडा नं ०१<br>हालको ठेगाना : अर्जुनधारा ०७<br>ना.प्र.नं : ५४९/३३३९९<br>जारी जिल्ला : संखुवासभा |  | नाम : **आनन्द साङपाङ राई**<br>पत्नि : लक्ष्मी देवी धिमाल<br>बाबुको नाम : राम कुमार साङपाङ<br>स्थाई ठेगाना : झापा जिल्ला अर्जुनधारा गा.वि.स वडा नं ०७<br>हालको ठेगाना : अर्जुनधारा-०७<br>ना.प्र.नं : ०४१०११/१०३३<br>जारी जिल्ला : झापा |
| ६ | ऋणीको नाम : **उषा नेपाली श्रेष्ठ**<br>बाबुको नाम : कृष्णलाल नेपाली<br>बाजेको नाम : प्रेमलाल नेपाली<br>स्थाई ठेगाना : झापा जिल्ला बाहुण्डाँगी गा.वि.स वडा नं ०१<br>हालको ठेगाना : मेचीनगर-०६<br>ना.प्र.नं : ०५२१०८५५९<br>जारी जिल्ला : झापा |  | नाम : **देव कुमारी श्रेष्ठ**<br>पति : हरि कुमार श्रेष्ठ<br>बाबुको नाम : प्रेम बहादुर श्रेष्ठ<br>स्थाई ठेगाना : झापा जिल्ला बाहुण्डाँगी गा.वि.स वडा नं ०६<br>हालको ठेगाना : मेचीनगर-०६<br>ना.प्र.नं : ०५३१८०१६<br>जारी जिल्ला : झापा |
| ७ | ऋणीको नाम : **राज कुमार दाहाल**<br>बाबुको नाम : रंगलाल दाहाल<br>बाजेको नाम : पदमलाल दाहाल<br>स्थाई ठेगाना : मोरङ जिल्ला राजघाट गा.वि.स वडा नं ०३<br>हालको ठेगाना : बिर्तामोड-०५<br>ना.प्र.नं : ७२०८/३४<br>जारी जिल्ला : मोरङ |  | नाम : **पुजन पौड्याल**<br>पति : राजकुमार दाहाल<br>बाबुको नाम : जीवलाल पौड्याल<br>स्थाई ठेगाना : मोरङ जिल्ला सिजुवा गा.वि.स वडा नं ०९<br>हालको ठेगाना : बिर्तामोड-०५<br>ना.प्र.नं : ४३३९२<br>जारी जिल्ला : मोरङ |

Grow with us

झलेन्द्र प्रसाद दाहाल
प्रबन्धक

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# अराजकताको पराकाष्ठा

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी काठमाडौं जिल्ला अदालतभित्रै कुटिएका छन्। त्रिपाठीलाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का कार्यकर्ताहरूले अदालतभित्रै आक्रमण गरेका हुन्। रवि लामिछानेको मुद्दाबारे आदेश आउने भएपछि रास्वपा र रविका समर्थक अदालत आसपास बाक्लो संख्यामा उपस्थित भएका थिए ।

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीलाई आक्रमण गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ।

बुधबार काठमाडौं जिल्ला अदालत परिसरमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का कार्यकर्ताहरूले त्रिपाठीमाथि आक्रमण गरेका थिए। आक्रमणमा संलग्न एकजना पक्राउ परेको प्रहरीले जनाएको छ ।

उता राष्ट्रिय स्वतन्त्र पार्टीका प्रवक्ता मनिष झाले काठमाडौं जिल्ला अदालत परिसरभित्र वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीमाथि भएको हातपातका विषयमा पार्टीको ध्यानाकर्षण भएको जनाएका छन्।

झाले भने, 'वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीज्यूमाथि अदालत परिसरभित्र हातपात भएको घटनाबारे जानकारी पायौं। कानुनी शासन र न्यायप्रति विश्वास राख्ने राजनीतिक दलको लागि यस किसिमको व्यवहार अस्वीकार्य छ।'

मनिष झाले घटनाबारे अनुशासन विभागको ध्यानाकर्षण भएको जनाउँदै दोषी भेटिए कारबाही गरिने स्पष्ट पारे। उनले भने, 'यो विषयमा हाम्रो अनुशासन विभागको ध्यानाकर्षण भएको छ, र दोषी पाइएमा आवश्यक कारबाही हुनेछ।'

पीडितको न्यायका लागि बहस गर्ने कानून व्यवसायी नै असुरक्षित देखिएका छन् । बहस गर्दा अदालत परिसर र 'ल फर्म' मै पुगेर हातपात गर्नु अराजकताको पराकाष्ठा नै हो । चेतावनीसँगै भौतिक कारबाहीसम्मको हर्कत अत्यन्त निन्दनीय छ । कानून व्यवसायीमाथि हातपात गर्ने र धम्की दिनेलाई कडाभन्दा कडा कानूनी कारबाही गर्नुपर्ने हुन्छ । यसरी अदालत परिसरमै कानुन व्यवसायीमाथि आक्रमण हुनुलाई सरकार जिम्मेवार हुनुपर्छ । अदालतमै सुरक्षा दिन नसक्ने सरकार कति धेरै लाचार छ भन्ने जनताले स्पष्टरुपमा बुझिसकेका छन् । सरकारको सुरक्षा संयन्त्र अत्यन्त कमजोर देखिएको छ । भीआइपीहरुको मात्र सुरक्षा दिने होइन , सर्वसाधारण जनताको पनि जीउ ज्यानको ग्यारेन्टी लेऊ सरकार । यस किसिमको आक्रमणबाट आहत भएका छैनन्, अरू कानुन व्यवसायीहरु पनि असुरक्षित भएका छन् । न्याय परिसरमा हुर्कंदो अराजकतालाई यसले थप मलजल गरेको छ ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
• लीलाराज दाहाल

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# पूर्वतयारीले क्षति न्यून



• न्हुंछेनारायण श्रेष्ठ

गोरखाको बारपाक केन्द्रविन्दु बनाएर २०७२ वैशाख १२ गते गएको ७.८ रेक्टर स्केलको महाभूकम्प गएको पनि नौ वर्ष पूरा भइसकेको छ । यो अवधिभित्र थुप्रै भूकम्प आई नै रहेका छन् । नेपालको पूर्वी हिमाली जिल्ला ताप्लेजुङको स्याओ केन्द्रविन्दु भएर भूकम्प गएको छ । राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र लैनचौरका अनुसार पुस महिनामा मात्रै ठुला साना गरी चार रेक्टर माथिका १० वटा भूकम्प गइसकेका छन् । पछिल्लो भूकम्प २०८१ पुस २३ गते चीनको डिनग्ये केन्द्रविन्दु बनाएर गएको सात रेक्टर भूकम्पको कम्पले नेपाल, भारत, चीनलगायतका देशमा हल्लाएको थियो । पछिल्लो समय पूर्वी तथा पश्चिम क्षेत्र केन्द्रविन्दु भएर भूकम्प जाने क्रम बढेको छ । नेपालमा मात्रै होइन विश्वका अनेकन सहरमा ठुला ठुला भूकम्प गइनै रहेका छन् । जसका कारण कैयौँ नागरिकको मृत्यु भएका छन् भने कैयौँ घाइते तथा घरवारविहीन हुन पुगेका समाचार आइरहेका छन् ।

टर्की केन्द्रविन्दु भएर सन् २०२३ फब्रुवरी ६ मा गएको भूकम्पले टर्की र सिरियामा हजारौँको सङ्ख्यामा ज्यान गयो, हजारौँ घाइते भए र भग्नावशेषमुनि अज्ञात सङ्ख्यामा नागरिकहरू बेपत्ता भए । तिनको उद्धारका लागि हजारौँको सङ्ख्यामा उद्धारकर्तासमेत खटाइएको थियो । उक्त दिन गएको भूकम्पले टर्कीका मुख्य १० सहर काहमानमार्शसहित किलिस सहर र सिरियाको अलेप्पोसहित टार्टस सहरसहित चार वटा सहर धेरै प्रभावित भई थुप्रै सर्वसाधारण नागरिक र भौतिक संरचना ध्वस्त भएका थिए । टर्कीमा सन् २०११ र सन् १९९९ मा गएको भूकम्पमा २३ हजारभन्दा बढीको मृत्यु भएको थियो । विश्वमा गएको यस्ता खाले भूकम्पले गर्दा अति जोखिममा रहेको नेपालले पनि भूकम्पीय क्षति न्यूनीकरणका उपाय खोज्नु अति आवश्यक भइसकेको छ । भूकम्पीय घटना झट्काको तीव्रताको आधारमा मापन गरिन्छ । यो तीव्रता भूकम्पको समयमा ऊर्जाको रिलिजसँग सम्बन्ध हुने भएकाले रेक्टर स्केलमा मापन गरिन्छ । भूकम्पको तीव्रता ० देखि १० सम्म रहेको हुन्छ । नेपाललगायत विश्वमा जाने भूकम्पको तीव्रता पाँच रेक्टरभन्दा बढी गएको खण्डमा अत्यन्त विनाशकारी परिणाम ल्याउने गर्छ । उदाहरणका लागि नेपालमा विसं २०७२ को भूकम्प र टर्कीमा हालै गएको ७.५ रेक्टरभन्दा बढी रेक्टर स्केलको भूकम्पलाई लिन सकिन्छ । त्यस्तै गरी आठ रेक्टरभन्दा बढीको भूकम्प जाने सम्भावना थोरै रहेको विज्ञले बताउँदै आएका छन् ।

भूकम्प कुनै सूचना दिएर आउँदैन यो एक प्रकारको दैवीप्रकोप नै हो । यसबाट बच्नका लागि पूर्वसावधानी एउटा उपाय हो तर यो नै मात्र सबथोक भने होइन । भूकम्पले पहाडी क्षेत्रमा पहिरो जान सक्दछ र ठुलो जनधनको क्षति पुयाउँछ भने हिमाली क्षेत्रमा हिमपहिरो जानेलगायतका घटना हुन सक्छ । त्यस्तै गरी ठुला ठुला बाँध भत्केर बाढीको बितण्डा मच्चाउन सक्छ । समुद्री छाल बढेर सुनामी आउन सक्छ । अर्कोतर्फ मानव निर्मित भवनहरू, रेलवे, सडक, पुलहरू र आवासीय क्षेत्रहरू विनाश गर्न सक्छ । विसं २०७२ आएको भूकम्पले धेरै जनधनको क्षति गरेको थियो भने भौतिक संरचना, मठ, मन्दिर भत्किएका थिए । तिनको पुनः निर्माण कार्य अधिकांश पूरा हुने क्रममै रहेका छन् । त्यस्तै गरी चीन, भारत, टर्की, जापानलगायतका देशहरूमा पनि भूकम्पका कारण भौतिक संरचना भत्किएका थिए । काठमाडौँ सहर भूकम्पीय सुरक्षाको दृष्टिकोणले अगाडि नै रहेको छ । यसले गर्ने क्षतिले सबैलाई मर्माहत र दुःखी तुल्याउन सक्छ त्यसैले भवन निर्माण गर्दा भूकम्प प्रतिरोधात्मक भवन तथा घरहरू निर्माण गरिनुपर्ने आवश्यकता छ तर अझै पनि हामी सचेत र सतर्क अनि जिम्मेवार बन्न सकेका छैनौँ । अबका वर्षमा २०७२ सालको जस्तो यस्तो विध्वंस भोग्न नपरोस् भन्दै गर्दा यो अवस्था आउनुमा हामी पनि दोषी छौँ । २०७२ सालको भूकम्पलाई चट्ट बिर्सेर फेरी लुकीछिपी, नक्सा पारित नगरी थोरै जग्गामा गगनचुम्बी भवन बनाइरहेका छौँ । नेपाल सरकारले तोकिदिएको भवन आचारसंहितालाई हामीले पालना गरेका छैनौँ । राजधानीलगायत मुलुकका कैयौँ सहर अहिले पनि अस्तव्यस्त, अव्यवस्थित हुनुको मुख्य कारण नेपाल सरकारले कहाँ र कुन कुन स्थानमा कस्तो कस्तो किसिमको घर, भवन निर्माण गर्ने भन्ने गुरुयोजना तयार गरी कार्यान्वयन गर्न नसक्नु नै हो । अहिले काठमाडौँलगायत नेपालका ठुला सहर कङ्क्रिटमा परिणत भइसकेका छन् ।

कुनै घटना, दुर्घटना हुनुभन्दा पहिले सुरक्षा उपाय खोज्नु पर्छ । भूकम्पअघि प्राथमिक उपचार विधि जानी राख्ने, गह्रौँ सामान दराजको तल्लो खण्डमा राख्ने, नयाँ घर निर्माण गर्दा भूकम्पीय सुरक्षा उपाय अपनाउने, बत्ती, पङ्खा, ठुला ऐना, तस्बिर आदि झुन्ड्याइएका सामान नखस्ने गरी राख्ने, फर्निचर, अग्ला सरसामान नढल्ने र नखस्ने गरी बलियोसँग राख्ने गर्नु पर्छ । भूकम्पपछि भूकम्पले हल्लाउन छोड्नासाथ सुरक्षाको स्थिति हेरेर मात्र घरबाहिर निस्कने, भूकम्प फर्किएमा त्यसको तयार रहने, आगो निभाउने, तुरुन्त प्राथमिक उपचार गर्ने, खुला ठाउँमा भेला हुने, सङ्कटकालीन सेवा कार्यमा बाधा पर्ने गरी टेलीफोन प्रयोग नगर्ने, रेडियो खोल्ने र भूकम्पको खबर तथा त्यससम्बन्धी सूचना सुन्ने, घर सुरक्षित छ भन्ने सुनिश्चित नभएसम्म कुनै पनि घरभित्र नपस्ने गर्नु पर्छ । विशेषतः भूकम्प भनेपछि हामी तर्सने र आतिने गर्ने गर्दछौं तर त्यसो नगरी नआत्तिकन बस्नु पर्छ । यदि भूकम्प गएको बेला घरभित्र छौँ भने कहिल्यै झ्यालबाट हाम फाल्नु हुँदैन । ढोकामा उभिने वा टेबल, डेस्क, खाटमुनि बस्नु पर्छ । भत्कन सक्ने झ्याल नजिक कहिल्यै बस्नु हुँदैन, भुइँ तलामा ढोका नजिकै छौँ भने बाहिर निस्कनु पर्छ । त्यस्तै घर बाहिर सवारीसाधन चलाइरहेका छौँ भने सडकबाट हटेर सुरक्षित स्थानमा गई रोक्नु पर्छ । बिजुलीको तार, लाइन र भवन नजिक बस्नु हुँदैन । आवतजावत गर्ने बाटो साँघुरो छ र दायाँ बायाँ अग्ला घर छन् भने ढोकामा गएर उभिएर बस्नु पर्छ । भूकम्पको बेला अति आवश्यक पर्ने टर्चलाइट, सुक्खा चिज चाउचाउ, चिउरा, रेडीयो, डोरी, मलम, औषधी, पानी, अति महत्वपूर्ण कागजातको फोटोकपी ब्यागमा सहजै देखिने र भेटिने ठाउँमा राख्नु पर्छ ।

हामीले पूर्वतयारी गर्नसकेको खण्डमा आफू पनि बच्न सक्छौँ र अरूलाई पनि बचाउन मद्दत पुऱ्याउन सक्छौँ । घर बनाउँदा गुणस्तरीय निर्माण सामग्री प्रयोग र प्राविधिकको अनुगमन तथा आचारसंहितालाई पूर्ण रूपमा पालना गरी भूकम्पलाई न्यूनीकरण गर्न सकिन्छ । भूकम्पबाट बच्नका लागि पूर्वतयारीका साथसाथै व्यवस्थापनका बारेमा विद्यालयस्तरको पाठ्यक्रममा अनिवार्य रूपमा समावेश गर्नु पर्छ । त्यस्तै गरी पूर्वसावधानीका प्रयोगात्मक तरिकासमेत सिकाउनु पर्छ । भूकम्प जस्तो विपत्बाट जोगिन स्थानीय सरकार, प्रदेश र संघ सरकारले पर्याप्त मात्रामा बजेटको व्यवस्था मिलाइराख्नु पर्छ । भूकम्प आउने बित्तिकै राहतका कार्यलाई तीव्रता दिई अघि बढ्नका लागि दक्ष कर्मचारी, स्वयंसेवकको व्यवस्था गर्न सकेको खण्डमा भूकम्प गइहालेको खण्डमा समयमै पीडितले राहत पाउन सक्छन्, अकाल मृत्युबाट बचाउन सकिन्छ । अतः भूकम्प जस्तो विपत्बाट बच्नका लागि अवलम्बन गरिएका नियम सबैले पालना गर्नु अपरिहार्य भएको छ ।

# शैक्षिक क्षेत्र सुधारको प्रतीक्षा



• सागर घले

निम्न र मध्यमवर्गीय परिवारका छोराछोरी अध्ययन गर्ने सामुदायिक विद्यालयको कमजोर व्यवस्थापन र शिक्षण सिकाइप्रति ध्यान नदिँदा शैक्षिक स्तर क्रमशः खस्किँदै गएको छ । राज्य र दातृ निकायले शिक्षा क्षेत्रमा उल्लेख्य लगानी गरिरहे पनि त्यस अनुरूप परिणाम आउन सकेको छैन । आर्थिक वर्ष २०८१/८२ को बजेटमा शिक्षा क्षेत्रका लागि छुट्याइएको दुई खर्ब तीन अर्ब ६६ करोड रुपियाँ विनियोजित गरिएको छ । जुन कुल बजेटको १०.९४ प्रतिशत हो ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका अनुसार नेपालमा सामुदायिक विद्यालयको संख्या २७ हजार ३४३ छ । झन्डै १५ हजार सामुदायिक विद्यालयले प्राथमिक शिक्षा प्रदान गर्छन् । देशभरमा सामुदायिक माध्यमिक विद्यालयको संख्या सात हजार १३३ छ । जनसंख्याका आधारमा सामुदायिक विद्यालय सुहाउँदो देखिए पनि कमजोर व्यवस्थापनका कारण सामुदायिक विद्यालयको शिक्षण सिकाइप्रति प्रश्न उठ्ने गरेको छ ।

शिक्षा तथा मानवस्रोत विकास केन्द्रका अनुसार पछिल्लो पाँच वर्षमा मुलुकभरिका ९४० सामुदायिक विद्यालय बन्द भएका छन् । विद्यार्थीको अभाव देखाई उक्त विद्यालय बन्द भएका हुन् । भएका विद्यार्थी पनि निजी विद्यालयमा भर्ना हुने भएकाले बिस्तारै सामुदायिक विद्यालय बन्द हुन थालेका छन् । दुर्गम बस्तीका प्राथमिक विद्यालयमा ५० को संख्या पनि नपुग्ने अवस्था छ ।

समाज देखावटी बनेको छ । निजी विद्यालयमा मात्र राम्रो पढाइ हुन्छ, त्यहाँ प्रविधिजडित कक्षाकोठा हुन्छन्, अंग्रेजीमा पढाइ हुन्छ, निजी विद्यालयमा पढायो भने बालबच्चाको भविष्य उज्ज्वल हुन्छ भन्ने भाष्य सिर्जना भएकै कारण सामुदायिक विद्यालयप्रतिको आकर्षण एकदमै घट्दो छ । "दुःख गर्छु तर आफ्ना छोराछोरीलाई निजी स्कुलमा नै पढाउँछु," भन्छन् अभिभावक । त्यसैले त निजी विद्यालय वा कलेजमा विद्यार्थीको चाप छ । यसको फाइदा भने विद्यालय सञ्चालकले लिएका छन् । विद्यार्थीको ओइरो लागेपछि निजी विद्यालयले आफूखुसी फी बढाउन थालेका छन् । यसले गर्दा अभिभावक आर्थिक चपेटामा परेका छन् । यसलाई शिक्षाका नाममा व्यापार भन्नेको पनि कमी छैन । फीमा एकरूपता ल्याउन पनि अधिकांश निजी विद्यालयलाई निश्चित मापदण्डमा ल्याइनु पर्छ ।

देश संघीय संरचनामा गएसँगै तत्कालीन जिल्ला शिक्षा कार्यालयले अनुगमन तथा नियमन गर्ने गरेका सबै विद्यालयसँग सम्बन्धित काम पालिकास्तरीय शिक्षा शाखाले गर्ने भनिए पनि अझै पनि यसको व्यावहारिक कार्यान्वयन पूर्ण रूपमा हुन सकेको छैन । धेरै विद्यालयमा सफा पानी, सरसफाइ र पर्याप्त कक्षाकोठा जस्ता आधारभूत सुविधाको अभाव छ । विद्यालय भवनको अवस्था र उपयुक्त उपकरणको अभावले विद्यार्थीको सिकाइमै बाधा पुऱ्याइरहेको छ । उनीहरूको समग्र शैक्षिक कार्यसम्पादनलाई असर गर्न सक्छ भन्ने विषयलाई राज्यका निकायले मनन नगर्दा सार्वजनिक विद्यालयका विद्यार्थी निजीमा जान विवश छन्, जसका कारण चर्को शुल्कको चपेटामा परेका छन् ।

नेपालका दुर्गम क्षेत्रमा रहेका विभिन्न सामुदायिक विद्यालयको शिक्षण सिकाइ, भौतिक पूर्वाधार, विद्यार्थीको अवस्थाको अनुगमन हुन नसक्नु दुःखद पक्ष हो । स्थानीय सरकारले पनि आफ्नो क्षेत्रमा पर्ने विद्यालयको शैक्षिक अवस्थाबारे दैनिक जसो चासो व्यक्त गर्नु पर्छ । स्थानीय तहमा कर्मचारीको अभाव देखाई ठाउँ ठाउँको विद्यालय पुगेर अनुगमन गर्न नसकिएको बताउँछन् सम्बन्धित तहका शिक्षा शाखाका कर्मचारी ।



विश्व, समाज यतिबेला डिजिटलाइजेसनमा रमाइरहेको छ । हाम्रा विद्यालयमा प्रविधिको पहुँच पुग्न सकेको छैन । पुगेको ठाउँमा पनि अत्यन्त न्यून छ । दुर्गम बस्तीमा भएका विद्यालयमा कम्प्युटर पुगेको छैन, पुगेको भए पनि त्यहाँ विद्युत् पुगेको छैन । प्रविधिजडित कक्षा बनाउन राज्यले ढिला गर्नुहुन्न । प्रविधिको प्रयोग, सामाजिक सञ्जालको प्रयोग, साइबरसम्बन्धी ज्ञान जस्ता विषयलाई कक्षाकोठासम्म पुऱ्याउन आवश्यक छ ।

सामुदायिक विद्यालयले शैक्षिक विषयमा मात्र नभई आलोचनात्मक सोच, समस्या समाधान र सिपमा पनि केन्द्रित हुने थप गतिशील पाठ्यक्रम अपनाउनु पर्छ । पाठ्यक्रममा विदेशी भाषा, कोडिङ र वित्तीय साक्षरताको परिचयले विद्यार्थीलाई द्रुत रूपमा परिवर्तन भइरहेको विश्वव्यापी अर्थतन्त्रका चुनौतीकबारे ज्ञान प्रदान गर्छ । सामुदायिक विद्यालयका शिक्षकको तलब, भत्ता तथा सुविधा वृद्धि गर्नु पर्छ । 'ल एन्ड अर्डर' लाई मजबुत बनाउनु पर्छ । आधारभूत विद्यालयमा अध्यापन गराउने शिक्षकको तलबले व्यक्तिगत आवश्यकतासमेत पूरा हुँदैन । जसका कारण शिक्षा आदानप्रदानमा भ्रष्टाचार, अनियमितताको चलखेल हुने गर्छ । कोही शिक्षक आफ्नो बढुवा भइहाल्छ कि भनेर पनि राजनीतिक पार्टीमा आबद्ध हुने गरेका छन् । यस्तो अवस्थाको अन्त्य हुनु पर्छ ।

सामुदायिक विद्यालय सुधार गर्न पूर्वाधार र शिक्षक तालिम अभिवृद्धिको खाँचो छ । उचित व्यवस्थापन र अनुगमनको अभावले अकुशलता, भ्रष्टाचार र जवाफदेहिताको कमीका कारण सामुदायिक विद्यालयले प्रदान गर्ने शिक्षाको गुणस्तरमा ह्रास आएको छ । शैक्षिक गुणस्तर अभिवृद्धिका लागि स्थानीय निकाय एवं प्रतिनिधि प्रतिबद्ध हुनु पर्छ । विद्यालयको आर्थिक, भौतिक एवं शैक्षिक र अन्य आवश्यक पूर्वाधार विकासका लागि सक्रिय भूमिका निर्वाह गर्ने कर्तव्यनिष्ठ स्थानीय पदाधिकारी हुनु पर्छ । आफ्नो वडा, गाउँपालिका, नगरपालिकामा भएका सबै सामुदायिक विद्यालयको अनुगमन गर्न सके केही हदसम्म त्यहाँ हुने अनियमितता रोक्न सकिन्छ ।

भौतिक पूर्वाधारले पनि शिक्षण गतिविधिमा ठुलो प्रभाव गर्छ । धेरै सामुदायिक विद्यालयका संरचना पठनपाठनका लागि उचित छैनन् । त्यस्ता पूर्वाधारलाई व्यवस्थापन गरी विद्यार्थीका लागि शिक्षण सिकाइमा सहज बनाउन राज्यले सहयोग गर्न आवश्यक छ ।

दक्षिण कोरियाको शैक्षिक उपलब्धि उदाहरणीय छ । शैक्षिक उन्नतिको श्रेय शिक्षामा सरकारी लगानी, कठोर शिक्षक तालिम र शैक्षिक सफलतालाई महत्व दिने संस्कृतिलाई दिइन्छ । दक्षिण कोरियाका सामुदायिक विद्यालय अत्यधिक प्रतिस्पर्धी छन् र विद्यार्थीलाई शैक्षिक र व्यावसायिक रूपमा सफल हुन आवश्यक उपकरण प्रदान गरिन्छ । नेपालले शिक्षामा दक्षिण कोरियाको व्यवस्थित लगानी, प्रतिस्पर्धात्मक र समावेशी विद्यालय वातावरणको सिर्जनाबाट सिक्न सक्नु पर्छ ।

सिङ्गापुरको शिक्षा प्रणालीले सुधारका लागि शिक्षकको नियमित मूल्याङ्कन र मूल्याङ्कनका साथसाथै निरन्तर सुधारमा जोड दिन्छ । शिक्षकलाई नियमित रूपमा प्रशिक्षित गरिन्छ र उनीहरूको कार्यसम्पादनमा प्रोत्साहन गरेको पाइन्छ । नेपालले पनि आफ्ना शिक्षकको मूल्याङ्कन र पाठ्यक्रम सुधारका लागि यी संयन्त्र लागु गर्न सक्छ ।

सामुदायिक विद्यालय सुधारका लागि सरकार मात्रै अघि बढेर हुँदैन । सामुदायिक विद्यालयलाई सार्वजनिक सम्पत्ति मानेर संरक्षण गर्नु सबैको दायित्व हो । विद्यालय प्रशासनलाई जवाफदेही बनाउन अनुगमन र प्रश्नको आवश्यक पर्छ । हाल सामुदायिक विद्यालयको प्रभावकारी अनुगमन भएको देखिँदैन । विद्यालयको भौतिक सम्पत्ति संरक्षण र संवर्धन गर्ने प्रमुख जिम्मेवारी भनेको स्थानीय तहकै हो । सामुदायिक विद्यालयको गुणस्तर भए मात्र देशको शैक्षिक अवस्था बलियो हुन्छ । शिक्षा प्रणाली सुधार्न निजी होइन, सार्वजनिक विद्यालयकै सुधारमा ध्यान दिनु पर्छ ।

# माघे संक्रान्तिको महत्व



• इन्द्रप्रसाद ओली

शास्त्र हराए संस्कार हराउँछ ,संस्कार हराए संस्कृति हराउँछ । संस्कृति हराए पहिचान हराउँछ , पहिचान हराए राष्ट्र हराउँछ। नेपाली विक्रम संवत्‌लाई आधार बनाएर तिथिमिति अनुसार करिब साना , मझौला ठुला वा स्थानीय , क्षेत्रीय र राष्ट्रिय रुपमा करिव ३५ वटा पर्वहरुलाई विशेषरुपमा मनाइन्छ ।

नयाँ वर्ष बैशाख १ देखि सुरु भई असार १५ , साउने सक्रान्ति जनै पूर्णिमा ,तीज , ल्होसार , सिरुवा , बडादसै , तिहार उधौली, उभौली आदि आदि ।त्यसमध्ये एक माघे संक्रान्ति पनि हो । नेपाली मौलिक पर्व वा सांस्कृतिक पर्वहरु धार्मिक र वैज्ञानिक छन् । नेपालीहरुले परम्परागत रुपमा मनाउँदै आइरहेको पर्वहरुले सहृदयता , भाइचारा , धार्मिक सहिष्णुता , वैज्ञानिकता सबै पक्षलाई समेटेको पाइन्छ । यी चाडवाडले परिवारलाई जोड्ने एकता तथा आफ्ना विचारलाई आदानप्रदान गर्ने थलोको रुपमा समेत लिइन्छ ।

मानसिक पीडालाई दूर गर्ने मनोभावना जोड्ने एक कडीको रुपमा हाम्रा पर्वहरुको महत्व रहेको पाइन्छ । मानसिक तनाव ( डिप्रेसन ) लाई कम गर्नेमा पनि यी पर्वहरुको विशेष महत्व रहेछ । टाढा-टाढा रहेका परिवारका सदस्यहरु यिनै पर्वहरुलाई आधार बनाइ घर आउनेजस्ता कार्य त झनै महत्वपूर्ण रहेको छ । तिनै पर्व मध्येको एक हो माघे संक्रान्ति । माघे संक्रान्ति विभिन्न नामले पुकार्ने गरेको पाइन्छ । उदाहरण :- मकर संक्रान्ति, माघी, माघे संक्रान्ति आदि आदि हुन् । जुन माघ महिनाको पहिलो दिन अथवा १ गतेलाई लिइन्छ । उक्त दिन सरकारी रुपमा नै सार्वजनिक विदा दिने चलन छ ।


माघे संक्रान्तिका दिन स्थानीय नदी नाला , धार्मिक आस्थासंग जोडिएका नदी नालालाई विशेष प्राथमिकता दिइन्छ ।जस्तै कनकाई माई , त्रिवेणी, कोशी, कौशिका आदिमा गएर स्नान गर्नुका साथै पूजाआजा गर्ने प्रचलन रहेको छ । माघे संक्रान्तिका दिनबाट सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गरी उत्तरायण हुने भएकाले नै “मकर संक्रान्ति” भनिएको हो भन्ने भनाइ रहेको छ । उक्त दिनदेखि सूर्य दक्षिणी गोलार्धबाट उत्तरी गोलार्ध तर्फबाट प्रवेश गर्ने हुँदा दिन लम्बिँदै जाने र रात छोट्टिँदै जाने हुन्छ । माघे संक्रान्तिका दिन स्नान गरी घिउ, चाकु, तिलको लड्डु, सेल रोटी, तरुल, वन तरुल आफ्ना इष्ट देवतालाई भोग लगाइ प्रसाद रुपमा खाने गरिन्छ । बिशेषतः यस्ता फलफूल, खाद्य खाएमा शरीर पोषिलो हुनुका साथै विभिन्न रोगब्याधी निधान हुनेमा विश्वास छ । हाम्रा शास्त्रमा समेत उल्लेख भविष्य पुराण, विष्णुबचन तथा धर्म सिन्धुमा उल्लेख गरेको पाइन्छ ।

विविधतामा एकता अनेकतामा एकता यी पर्वहरुबाट पाइन्छ । विभिन्न जात जाति र समुदायको बासस्थान रहेको नेपालमा यी पर्वहरु ( विशेष गरेर ॐकार परिवार ) सबैले मनाउने गरेको पाइन्छ । तराईका जिल्लाहरूमा मैथिलीले तिला संक्रान्ति पर्वका रूपमा मनाउँछन् । तराईमा यस दिन खिचडी, तिल र चिउराका लड्डुलगायतका परिकार बनाएर खाने चलन छ । माघीलाई थारूहरूको मौलिक संस्कृतिले भरिएको सबैभन्दा ठूलो पर्वको रूपमा लिएको पाइन्छ ।

मगर जातिले यस पर्वलाई ३ दिनसम्म बिशेष धुमधामका साथ मनाउने गरेको पाइन्छ । पहिलो दिन स्नान गरेर पुर्खा तथा कुलायनको पूजा गर्ने र दिदीबहिनीलाई “निशो” ले पुज्ने प्रचलन छ । दोस्रो दिन माघ खान वनभोजको रुपमा टाढा जाने गर्दछन् भने अन्तिम दिन गाउँभरिका पुरुषहरु मिलेर तारो हान्ने चलन छ । हिजोआज भने माघे संक्रान्ति देश विदेश ( नेपाली मुलका ) जताततै मनाउने चलन बढ्दै गएको छ ।

तिलका लड्डु, चाकु, तरुल र सेलरोटी जस्ता विभिन्न परिकारको साथमा माघे संक्रान्तिको रमझम गर्ने गरेको पाइन्छ । जाडोयाममा पर्ने यो चाडमा शरीरलाई न्यानो राख्न सहयोग पुर्याउने खाद्य सामग्रीहरुको प्रयोग गरिनु स्वास्थ्यको हिसाबले पनि लाभदायक देखिन्छ । शिशिर ऋतुमा पर्ने यो संक्रान्तिमा शरीर शुद्ध गरी घिउ चाकु र तिल तथा खिचडी खानाले शरीरमा गर्मीका मात्रा बढेर तागत दिने तथा मास हाली पकाइएको तेल शरीरमा घस्दा चिसोबाट मुक्त भई शरीरका छालासम्बन्धी र अन्य रोगहरुको निदान हुनेमा विश्वास गरिन्छ । राष्ट्र राष्ट्रियता स्वधर्मको रक्षा , संस्कार र संस्कृतिको निरन्तरता दिऔं । माघे संक्रान्तिको महत्व धेरै नै छ । सबैमा मौलिक पर्व माघे संक्रान्तिको हार्दिक शुभकामना ।

# सतासीधाम जेसीजको अध्यक्षमा माईधारका कुँवर



दुधे(प्रस) ।सतासीधाम जेसीजको वर्ष २०२५ को अध्यक्षमा शिवसताक्षी नगरपालिका वडा नम्बर १० का पदमबहादुर कुँवर सर्वसम्मत चयन भएका छन्। सोमवार झिलझिलेको एसियन हाइवे होटलको सभाहलमा भएको१२ औं साधारण सभाबाट कुँवर अध्यक्षमा सर्वसम्मत चुनिएका हुन् ।

मेची अंग्रेजी माध्यमिक विद्यालय माईधारका प्रधान अध्यापकसमेत रहेका कुँवर शैक्षिक उद्यमी हुन्। पछिल्लोपटक समाजसेवामा अग्रस्थानमा रहेका कुँवर सतासीधाम जेसीजको एघारौं अध्यक्ष बनेका हुन्।

नवगठित समितिको कार्यकारी उपाध्यक्षमा गणेश अधिकारी र रिता कोइराला निर्वाचित भएका छन्।

यस्तै चार उपाध्यक्ष पदमा शिशिर उप्रेती,सरु अधिकारी, सचिन श्रेष्ठ र दिलबहादुर कार्की (राजन) सर्वसम्मत निर्वाचित बनेका छन्। त्यस्तै सचिवमा निकेश दाहाल, जनसम्पर्क अधिकारीमा पारस खनाल र तालिम निर्देशकमा पुष्प पौडेल निर्विरोध निर्वाचित बनेको वर्ष २०२४ का लागि निवर्तमान अध्यक्ष एवम् वर्ष २०२५ का निर्वाचन आयुक्त निर्मला प्रधानले जानकारी दिएकी छन्।

# ‘हेल्लो सीएम’मा गुनासै गुनासो

झापा(प्रस) ।कोशी प्रदेश सरकारका काम कारबाहीलाई लिएर आम सर्वसाधारणले ‘हेल्लो सीएम डट कोशी डट एनपी’ वेबसाइटमा गएर गुनासो गर्न सक्ने व्यवस्था छ । यसरी आएका कतिपय गुनासोबाट गुनासो कक्षले मन्त्रालय तथा मन्त्रीहरूलाई फरवार्ड गरेर समाधान भएको उल्लेख गरेको छ ।

गत कार्तिकमा आएको एउटा गुनासोमा मुख्यमन्त्री र मन्त्रीले गरेको भ्रमण सरकारी कामको




सिलसिलामा हो भन्ने पुष्टि नगरी भ्रमण आदेश स्वीकृत गर्ने गरिएको भन्दै समाधान गर्न आग्रह गरिएको छ ।

केही उपलब्धी नभए पनि भत्ता लिनमात्र भ्रमणको कागज बनाउने गरेको पनि उक्त गुनासोमा उल्लेख छ । ‘मुख्यमन्त्री, मन्त्री, सभामुख उपसभामुख, प्रदेश सभा सदस्य, आयोगका अध्यक्ष, उपाध्यक्ष, सदस्यहरू, मुख्य न्यायाधिवक्ता, प्रमुख सचिव, प्रदेश सचिवहरू र अरु कर्मचारीहरू प्रायः सबैले घर जाँदा दैनिक भत्ता लिने गरेका छन् र प्लेनको टिकट र गाडीको इन्धन वा यातायातको भ्रमण खर्च राज्यकोषबाट लिने गरेका छन्,’ गुनासोमा भनिएको छ । व्यक्तिगत काममा अथवा सार्वजनिक बिदाको दिनमा घर जानु पर्दा पनि सरकारी कामकाजमा गएको भनी कागज बिल मिलाउने गरिएको गुनासोमा उल्लेख छ ।

उक्त गुनासोमा दसैं, तिहारलगायत चाडबाडको बेलामा घर जाँदा पनि प्लेन टिकटको खर्च र दैनिक भत्ता सरकारी कोषबाट लिन मिल्छ ? भनेर प्रश्न गरिएको छ । ‘हेल्लो सीएम’को वेबसाइटलमा जनाएअनुसार प्रदेश सरकारले उक्त गुनासो सम्बोधन गरेको छ । ‘ जनताले धेरै दुःख गरेर राजस्व तिरेका छन् ।

एकहजार रुपैयाँ तिर्नेगरी कमाउन कति मुस्किल छ, तर त्यै राजस्वबाट उठेको पैसा खर्च गर्ने बेलामा भने केही पनि नसोचिकन पैसा रुखमा फलेको जस्तोगरी सरकारी निकायले मनोमानी खर्च गर्ने प्रवृत्तिको अन्त्य होस्,’ गुनासोमा भनिएको छ । यस्तै अर्को गुनासोमा प्रदेशका मन्त्रालयहरू र अरु निकायका मन्त्री, पदाधिकारी तथा कर्मचारीले अतिथि सत्कारको लागि कानुनमा तोकिएको रकमभन्दा अत्यधिक बढी खर्च हुनेगरी मनोमानी रुपमा खाजा, खाना र चियापानलगायतमा खर्च गर्ने गरेको उल्लेख छ ।

उच्च पदस्थलाई महँगो उपहार दिएर खुसी पार्ने प्रवृत्ति रहेको र राज्यकोषबाट तलबभत्ता सुविधा लिएर काम लगाएकालाई कार्यालय सरुवा हुँदैपिच्छे र पदावधि समाप्त भइ जाँदा जतिबेला पनि करुवा, मूर्तिलगायतका उपहार दिनै पर्छ र ? भन्ने प्रश्न उक्त गुनासोमा गरिएको छ । उपहार दिनका लागि कति सामान ल्याइयो, कति प्रयोग गरियो अथवा कसलाई दिइयो भन्ने हिसाब नै राखिएको नहुने भन्दै यस्तो प्रवृत्तिबाट खर्चको पारदर्शिता नहुने र समीक्षामा प्रगति प्रतिवेदनमा यस्तो कुरा खुलाएको नहुने भन्दै गुनासोमा सरकारको ध्यानाकर्षण गराइएको छ ।

‘जनताले धेरै दुःख गरेर राजस्व तिरेका छन् । एकहजार रुपैयाँ तिर्नेगरी कमाउन कति मुस्किल छ, तर त्यै राजस्वबाट उठेको पैसा खर्च गर्ने बेलामा भने केही पनि नसोचिकन पैसा रुखमा फलेको जस्तो गरी सरकारी निकायले मनोमानी खर्च गर्ने प्रवृत्तिको अन्त्य होस्,’ गुनासोमा भनिएको छ । उक्त गुनासो ‘माननीय मन्त्रीज्यू र माननीय राज्यमन्त्रीज्यूको सचिवालयमा अवगत गराइएको’ भनेर ‘हेल्लो सीएम’मा उल्लेख छ ।

# ग्यारेजमा आगलागी हुँदा तीनवटा बसमा क्षति

बिर्तामोड(प्रस) । बिर्तामोडको ग्यारेजमा आगलागी हुँदा तीनवटा बसमा क्षति भएको छ ।

बुधवार बिहान १०:३० बजे बिर्तामोड -१ स्थित पश्चिम बसस्टेण्डनजिक कन्काई रिपेयरिङ रहेको ग्यारेजमा निदि क्याम्पसको मे १ ख ३३४५ नम्बरको बसमा मर्मत गर्ने क्रममा अचानक विद्युत सर्ट



भई आगलागी भएको हो । आगलागीबाट स्कुल बस पूर्णरुपमा जलेर नष्ट भएको छ । त्यस्तै सोही ग्यारेजमा बनाउन ल्याएको मे१ख२२१५ नम्बरको मातृ भाग्यरेखा बसको अगाडीको भाग जलेर क्षति भएको छ । त्यस्तै प्र१-०१-००१ख४१२६ नम्बरको बसको पेन्टिङ जलेको छ । तीनवटा गाडी जल्दा अन्दाजी २१ लाख बराबरको क्षति भएको प्रहरीले जनाएको छ । बसमा लागेको आगो बिर्तामोड नगरपालिकाको दमकल, नेपाल प्रहरी र स्थानीयको सहयोगमा नियन्त्रणमा लिइएको थियो ।

# कपडामा आगो सल्किएर बालिका घाइते

झापा(प्रस) । कपडामा आगो सल्किएर झापाको कमलमा एक बालिका गंभीर घाइते भएकी छन् । मंगलवार साँझ ७:३० बजे कमल गाउँपालिका वडा न. २ सुनाराटोल बस्ने जितनारायण चौधरीकी छोरी १३ वर्षीया सजिना चौधरीले घरको मन्दिर कोठामा धुपवाती बाल्ने क्रममा उनले लगाएको कपडामा अचानक आगो सल्किएको थियो । आगलागीबाट अनुहार, दुबै हात खुट्टामा पोलेर घाइते भएकी सजिनालाई उपचारको लागि दमक रिसर्च सेन्टर अस्पताल दमक लगिएको छ । उनको अबस्था मध्यम रहेको प्रहरीले जनाएको छ ।

# आगलागीबाट १६ जनाको मृत्यु, १४५ जना घाइते

झापा(प्रस) । पछिल्लो पाँच महिनामा देशभर भएका आगलागीका घटनाबाट १६ जनाले ज्यान गुमाएका छन् भने १४५ जना घाइते भएका छन् । नेपाल प्रहरी प्रधान कार्यालयका अनुसार साउनदेखि मंसिरसम्मको आगलागीको घटनामा परेर मृत्यु हुनेमा ५ पुरुष र ११ महिला छन् ।त्यसमध्ये एक जना बालिका हुन् । घाइते हुनेहरूमा भने ७२ जना पुरुष र ७३ जना महिला रहेका छन् । त्यसमध्ये ३ जना बालक र ५ जना बालिका हुन् । २९ जना भने आगलागीबाट विस्थापित भएका छन् । यो समयमा देशभरि १ हजार १ सय १६ वटा आगलागीका घटना भएका थिए ।प्रहरीका अनुसार आगलागीबाट ४ सय ५५ वटा पशु चौपायामा क्षति पुगेको छ । भौतिक क्षतितर्फ १ सय ९० वटा घर, १ सय ३० गोठ र १ सरकारी कार्यालयमा क्षति पुगेको छ। आगलागीबाट पाँच महिनामा ४९ करोड ९० लाख २८ हजार ३ सय ३० रुपैयाँ आर्थिक क्षति भएको छ । देशभरि भएका १ हजार १ सय १६ वटा आगलागीका घटनामध्ये कोशी प्रदेशमा धैरै आगलागीका घटना छन् । यो पाँच महिनामा कोशीमा ३ सय ३१ र मधेशमा २ सय ६९ वटा आगलागीका घटना भएका छन् । वाग्मती प्रदेशभरि २१० वटा आगलागी हुँदा उपत्यकामा मात्र १ सय ४० वटा आगलागीका घटना भएका थिए । यस्तै लुम्बिनी प्रदेशमा १ सय १४, गण्डकी प्रदेशमा ८१, सुदूरपश्चिम प्रदेशमा ६० र कर्णाली प्रदेशमा ५१ घटना घटेका थिए । आगलागी नियन्त्रण र उद्धारमा ८ हजार ३ सय २२ प्रहरी परिचालित भएको प्रहरीको तथ्याङ्कमा छ ।

# यो वर्षको एसईई आगामी चैत ७ देखि

झापा(प्रस) ।राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय कक्षा १० ले शैक्षिक सत्र २०८१ को माध्यमिक शिक्षा परीक्षा (एसईई) को समयतालिका सार्वजनिक गरेको छ । सार्वजनिक तालिका अनुसार एसईई चैत ७ गतेदेखि हुने भएको छ । परीक्षा बिहान ८ बजेदेखि ११ बजेसम्म चल्ने छ ।

पहिलो दिन अनिवार्य अंग्रेजी,




संस्कृतः वेदविद्याश्रमतर्फ- अनिवार्य संस्कृत रचना, अनिवार्य अंग्रेजी मदरसातर्फ - अनिवार्य अरेबिक भाषा अनिवार्य अंग्रेजीअनिवार्य संस्कृत भाषा र साहित्य (वेदविद्याश्रम तर्फ) अनिवार्य नेपालीको परीक्षा हुनेछ ।

परीक्षा चैत १९ गते मङ्गलवार सकिनेछ । परीक्षाको नतिजा भने २०८२ असार ६ गतेभित्र प्रकाशित गरिने कार्यतालिकामा उल्लेख छ । परीक्षार्थीले रजिस्ट्रेसन/परीक्षा आवेदन फाराम भर्दा फाराममा उल्लेख गरेको जन्ममिति र नाम थरको हिज्जे यस कार्यालयबाट उपलब्ध गराइएको कन्ट्रोल लिस्टसँग रुजु गरी फरक परेमा फरक परेको विवरण संशोधन गर्नुपर्ने अवस्थामा सम्बन्धित विद्यालयले संशोधन गर्नुपर्ने विवरण २०८२ साल वैशाख मसान्त भित्रमा अनिवार्य रूपमा सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइमार्फत वा सिधै यस कार्यालयमा आइपुग्ने गरी पठाउनुहुन अनुरोध गरिएको छ ।


सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा,
अदुवा खोला छेउ



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** योजना कार्यान्वयनमा ढिलाइ गर्नाले आफैं पछि परिनेछ । राजनैतिक कार्यमा बाधा

**वृष** बोलीको प्रभावले अरुको मन जित्न सकिनेछ ।सम्पत्ति हराउने र साँझमा खर्च

**मिथुन** आज जोशजाँगर र हिम्मत बढ्नेछ । दैनिक कार्यहरूमा प्रगति हुनेछ ।

**कर्कट** रमणीय र सुखद् यात्राको योग छ । नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ ।

**सिंह** आज इच्छा र आकांक्षा पूर्ण हुनेछन् । ठूला व्यक्तिले तपाईंका मेहनतको प्रशंसा गर्नेछन्

**कन्या** गरेको काममा ढिलासुस्ती हुनेछ । विचार गरेर निर्णय लिनु उचित होला ।

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** आज न्यायिक कार्यमा सफलता मिल्नेछ । धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ ।

**मकर** महिला वा मित्रबाट विशेष सहयोग पनि मिल्नेछ । धनार्जनका नयाँ स्रोतहरू पत्ता

**कुम्भ** आज आकस्मिक धनलाभ हुनेछ । काम देखाएर अरूको मन लोभ्याउन सकिनेछ ।

**मिन** दबाब र तनाव बढेको महसुस हुनेछ । पारिवारिक समस्या आइपर्ला ।